गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बागमती प्रदेश, नेपाल

# ३२ औं कार्यपालिका बैठक

आज मिति **२०८१ साल श्रावण २५ गते**का दिन यस गौरीशंकर गाउँपालिकाको अध्यक्ष श्री विश्वास कार्कीको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री विश्वास कार्की |
| २. | उपाध्यक्ष | श्री |
| ३. | कार्यपालिका सदस्य | श्री प्रकाश बहादुर खड्का |
| ४. | " | श्री रोहित बुढाथोकी |
| ५. | " | श्री युग बहादुर बस्नेत |
| ६. | " | श्री शिवहरी खत्री |
| ७. | " | श्री सुन्दर खड्का |
| ८. | " | श्री निमासाङ्गे शेर्पा |
| ९. | " | श्री सोनाम शेर्पा |
| १०. | " | श्री दावारेन्जी शेर्पा |
| ११. | " | श्री ङिमगेली शेर्पा |
| १२. | " | श्री गंगा चर्माकार सार्की |
| १३. | " | श्री देवी घतानी |
| १४. | " | श्री जिमी शेर्पा |
| १५. | " | श्री डोमा शेर्पा |
| १६. | " | श्री आङदोर्जी शेर्पा |
| १७. | " | श्री लानुरी शेर्पा |
| १८. | प्र.प्र.अ. | श्री चक बहादुर घर्ती |

गौरीशंकर गाउँपालिका
कार्यपालिकाको कार्यालय
दोलखा

**प्रस्ताव नं. १ : समुदायमा आधारीत एक वडा एक कृषी उत्पादन सम्बन्धमा ।**

**निर्णय नं. १** : बागमती प्रदेश सरकार कृषी तथा पशुपन्छी विकास मन्त्रालय, कृषी विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाले मिति २०८१/०४/१५ गते प्रकाशित गरेको सूचना बमोजिम यस गाउँपालिकाको वडा नं. २ मा कृषीजन्य बालि (उत्पादन, प्रशोधन तथा बजारीकरण) का लागि कफी खेति र वडा नं. ३ मा पशुपन्छीजन्य बस्तु (उत्पादन, प्रशोधन तथा बजारीकरण) का लागि गाई पालन कार्यक्रम संचालन गर्ने गरी समुदायमा आधारीत एक वडा एक कृषी उत्पादन कार्यक्रम कार्यान्वयन गर्न वडा छनौट गरीयो ।

**प्रस्ताव नं. २ : गाउँपालिकाले दररेट अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** : आ.व. २०८१/८२ मा स्थानीय पूर्वाधार विकासको लागि दोलखा जिल्ला दररेट निर्धारण समितिद्वारा निर्धारण गरिएको दररेटलाई यस गाउँपालिकाले पनि यथावत अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : खोज तथा उद्धार बापतको खर्च रकम सम्बन्धमा ।**

**निर्णय नं. ३** : यस गौरीशंकर गाउँपालिका वडा नं. ९, स्थित छोमुगोल्मु खोलामा मिति २०८१/०३/२१ गते आएको बाढीका कारण डोङ्गाङ्ग बस्तीमा भएको क्षतिको खोज तथा उद्धार कार्यमा इलाका प्रहरी कार्यालय, सिंगटीबाट खटिनुहुने नेपाल प्रहरी, लामाबगर चौकीबाट खटिनुहुने ससस्त्र प्रहरी साथै जनप्रतिनिधि खाना, खाजा खर्च बापतको रकम रु.५९८४५।- (अक्षरुपी उनान्नसाठि हजार आठ सय पैंतालिस रुपैंया मात्र) भुक्तानि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: आर्थिक सहायता रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ४** : यस गाउँपालिकाको तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय पारित गरियो ।

**तपशिल**

| सि.नं. | नाम, थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | यबो कुमारी बस्नेत | गौरीशंकर - ३ | २०,००० | पाठेघर अप्रेशन |
| २ | मान बहादुर खड्का | गौरीशंकर - ३ | २०,००० | हर्निया अर्पेशन |